# भन्टामा लाग्ने मुख्य रोगहरु र तिनको रोकथाम

**फोमोप्सिस ब्लाइट** (Phomopsis Blight):
यो ढुसीबाट लाग्ने रोग हो । डाँठको बोक्रा कालो हुदै कुहिन्छ । फलको फेदतिरबाट कुहिँदै जान्छ ।

*रोकथाम:*

- रोग सहने जात लगाउने र घुम्ती बाली अपनाउनु पर्दछ ।
- बेभिस्टिन एक ग्राम प्रति के.जी. बीउका दरले उपचार गर्नुपर्दछ ।
- ब्लाइटक्स २ ग्राम प्रतिलिटर पानीमा सिंचाइ गर्नुपर्दछ ।



**ब्याक्टेरियल ओइलाउने र फ्युजारियम ओइलाउने**
**पात खिइँदै जाने रोग** (Little leaf):
यो रोग माइकोप्लाज्मा भन्ने सुक्ष्म जीवाणुको कारणले हुन्छ । यो रोगका जीवाणु फड्के कीराले सार्दछ । पात पातला, साना र फिका हरिया हुँदै जान्छन् । बोटको आकार होचो र झुप्पा परेको हुन्छ । पुष्पदल हरियो हुँदै जान्छ र बोटमा फल लाग्दैन ।

*रोकथाम:*

- रोग निरोधक जात लगाउनु पर्दछ ।
- रोगी बोट तुरुन्त उखेलेर नष्ट गर्नुपर्दछ ।
- टेट्रासाइक्लिन ०.१% झोलमा सार्ने बेलामा बेर्नाको उपचार गर्ने र सारेको ४-५ हप्तापछि यसैको ०.५% झोलले १० दिनको अन्तरमा ३ पटक छर्कनुपर्दछ ।



*(स्रोत: तरकारी खेती प्रविधि – कृषि तथा सहकारी मन्त्रालय, चैत /२०६८)*

**नोट : प्रकाशकको अनुमति विना यस प्रकाशनको बिक्री वितरण वा कुनै पनि व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन ।**
*यस सामग्रीमा दिइएको जानकारी विभिन्न विज्ञको सल्लाह तथा अन्य संघसस्थाले प्रकाशन गरेका सामग्रीमा दिइएको जानकारीका आधारमा निर्माण गरिएका हुन् । यसमा समुदायले आफ्नो प्रयासमा गर्न सक्ने जानकारी दिइएको छ । तर विषेश परिस्थितिमा पुन सम्बन्धित विज्ञको सल्लाह लिनु पर्नेछ ।*

संक्षिप्त प्राविधिक ज्ञान